
## वस्तुगत प्रश्नोत्तर

१. **अन्तर्राष्ट्रिय व्यापारलाई सरलीकृत गर्न भन्सार प्रक्रियासँग सम्बन्धित सबै निकायलाई आबद्ध गराउनेगरी नेपाल राष्ट्रिय एकद्वार प्रणाली कहिलेदेखि सुरु गरिएको हो ?**
विक्रम संवत् २०७७ माघ १३ ।
- भन्सार प्रक्रियालाई कागजरहित बनाउँदै सरल बनाउने उद्देश्य राखिएको यो प्रणालीमा सरकारी र निजी क्षेत्रका तीन दर्जनभन्दा बढी निकाय आबद्ध हुनेछन् । यो प्रणालीअन्तर्गत निर्माण हुने वेब पोर्टलमार्फत व्यापारीले आफूसँग सम्बन्धित कागजात अनलाइनमै पेस गर्न सक्नेछन् । त्यसरी पेस गरिएको कागजात र त्यससँग सम्बन्धित विवरण यसमा आबद्ध निकायले समेत प्राप्त गर्न सक्नेछन् । यससँगै फरक–फरक निकायलाई कागजात बुझाउनुपर्ने बाध्यताबाट व्यापारी मुक्त हुने बताइएको छ । अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित तथ्याङ्क तथा प्रतिवेदन प्रणालीलाई थप स्तरीय बनाउन र विद्युतीय भुक्तानी प्रणाली विकासमा पनि यो प्रणाली सहयोगी हुनेछ ।
- भन्सार प्रक्रियालाई सरलीकरण गर्न आसिकुडा लागू भए पनि यी सबै निकायमा छुट्टाछुट्टै जानुपर्ने अवस्था कायमै छ । कागज बोकेर यी सबै निकायमा पुग्नुपर्ने बाध्यतालाई हटाएर डिजिटल प्रणालीबाट सबै काम सम्पन्न गर्नेगरी नेपाल राष्ट्रिय एकद्वार प्रणाली लागू गर्न लागिएको हो ।

२. **प्रसिद्ध चित्रकार/मूर्तिकार पाब्लो पिकासोको जन्म कुन देशमा भएको हो ?**
स्पेन ।



(ग्वेर्निका यिनको प्रख्यात चित्रकला हो । यिनले कलामा घनवादको सुरुवात गरेका ।)

३. **एक्सिलेन्स इन इम्प्लोई एक्सपेरियन्स अवार्ड प्राप्त गर्ने नेपालको वाणिज्य बैङ्क कुन हो ?**
नबिल बैङ्क ।
(मानव संशाधनमा परामर्श गर्ने कम्पनी ग्रोथ सेलरद्वारा एचआर मिटअन्तर्गत पहिलोपटक समावेश गरिएको अवार्ड नबिल बैङ्कले प्राप्त गरेको । वर्किङ कल्चर, सेवा–सुविधा र उत्प्रेरणाका हिसाबले उत्कृष्ट भएका कारण अवार्ड प्रदान गरिएको कम्पनीले जनाएको ।

४. **मिथिला नाटचकला परिषद्द्वारा दिइँदै आएको महामुर्खको उपाधि यस वर्ष (२०७७) कसलाई प्रदान गरियो ?**
चर्चित हास्यकलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य ।
(परिषद्द्वारा प्रत्येक वर्ष होली पर्वको पूर्वसन्ध्यामा महामुर्ख सम्मेलन गरी समाजका विभिन्न क्षेत्रमा प्रतिष्ठा कमाएकालाई सम्मानस्वरूप महामुर्खसहितका उपाधि प्रदान गरिँदै आएको ।)

५. **एउटै प्राणीमा भाले र पोथी दुवै अङ्ग हुने जीव कुन हो ?**
गँडेउला ।

६. **अर्बुद रोगको उपचारमा प्रयोग हुने विधि केमोथेरापी/रेडियम थेरापी हो भने कुष्ठ रोगको उपचारमा प्रयोग हुने विधि कुन हो ?**
मल्टिड्रग थेरापी ।

७. **सङ्गीतशास्त्रको मूल कुन वेदलाई मानिन्छ ?**
सामवेद ।
- सामवेदमा १८२४ मन्त्र रहेका ।
- सबै वेदको प्रमुख अंश यसमा रहेको । यसमा तीन शाखा र ७५ ऋचा रहेका ।
- यस वेदमा अग्नि र इन्द्र देवतालाई प्रधानता दिइएको ।

८. **भारतीय अन्तरीक्ष प्रक्षेपणले एकैपटक कतिवटा उपग्रह प्रक्षेपण गरी कीर्तिमान कायम गऱ्यो ?**
१०४ वटा ।
- आईएसएले भारतलगायत अमेरिका, इजरायल, नेदरल्यान्ड, स्वीट्जरल्याड, कजाकिस्तान र युएई गरी १०४ उपग्रह प्रक्षेपण गरेको ।
- सन् २०१७ फेब्रुअरी १५ मा ती उपग्रह प्रक्षेपण गरिएको ।
- यसअघि सन् २०१४ मा रूसले एकैपटक ३७ भू-उपग्रह प्रक्षेपण गरेको ।

९. **सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन कहिले गरिएको हो ?**
विसं २०७१ माघ २७ ।
(बेपत्ता छानबिन आयोगको गठन पनि २०७१ माघ २७ मा नै गरिएको ।)

१०. **मकै पर्व (विसं १९७७)को पोल खोल्ने व्यक्ति रामहरि अधिकारी र भोजराज जोशी हुनुहुन्छ भने लाइब्रेरी पर्व (विसं १९८७)को पोल खोल्ने व्यक्ति को हुनुहुन्छ ?**
रामचन्द्र अधिकारी ।
- अन्य घटनामा पोल खोल्ने व्यक्ति ?
- भण्डारखाल पर्व (विसं १९०३ कात्तिक १२) : विजयराज पण्डित
- ३८ सालको पर्व (विसं १९३८): उत्तरध्वज खवास ।
- प्रचण्ड गोरखा पर्व (विसं १९८८): लक्ष्मण राज ।
- प्रजा परिषद् काण्ड (विसं १९९३): रामजी जोशी र मुरलीधर पण्डित ।

११. **यारी भन्ज्याङ हुम्ला जिल्लामा पर्छ भने नाम्जा भञ्ज्याङ कहाँ पर्छ ?**
मुगु ।

१२. **औँसीदेखि पूर्णिमासम्मको समयावधिलाई के भनिन्छ ?**
शुक्ल पक्ष ।
(पूर्णिमादेखि औँसीसम्मको समयावधिलाई कृष्ण पक्ष भनिन्छ । शुक्ल पक्षमा चन्द्रमाको उज्यालो भाग क्रमशः बढ्दै जान्छ भने कृष्ण पक्षमा चन्द्रमाको उज्यालो भाग क्रमशः घट्दै जान्छ ।)

१३. **विश्वमै सबैभन्दा सानो लालीगुराँसको फूल कहाँ पाइन्छ ?**
मुगु जिल्लास्थित रारातालआसपास ।

१४. **नेपालका प्रथम ग्राजुयट सिभिल इन्जिनियर को हुनुहुन्छ ?**
डिल्लीजङ्ग थापा ।
(हेटौँडा–काठमाडौँ रोप–वे, विसं १९९० को भूकम्पमा भत्केको धरहरा र घण्टाघरको पुनर्निर्माण, डिल्लीबजार चारखाल अड्डा, जनकपुर–जयनगर रेल्वे, भूकम्पमा भत्केको शितल निवासको पुनर्निर्माणलगायतका भवन/मार्ग आदिको निर्माण डिजाइनमा यिनको भूमिका रहेको । यिनकै नामबाट काठमाडौँस्थित डिल्लीबजारको नामकरण गरिएको ।)

१५. **विश्व कविता दिवस कहिले मनाइन्छ ?**
मार्च २१ ।

१६. **'ला मिजरेबल' नामक वृहत् उपन्यासका लेखक को हुनुहुन्छ?**
फ्रेन्च साहित्यकार भिक्टर ह्युगो ।

१७. **मेलम्ची खानेपानी आयोजनाको पानी काठमाडौँ उपत्यकामा वितरण सुरुवात कहिले गरियो ?**
विसं २०७७ चैत १५ ।
- बाइस वर्ष लगाएर बनाइएको मेलम्ची खानेपानी आयोजनाको पानी काठमाडौँ उपत्यकामा पहिलोपटक वितरण सुरु गरिएको ।
- सुन्दरीजलबाट आएको प्रशोधित पानीलाई पिउनयोग्य बनाएर महाँकालस्थित पोखरी (वितरण केन्द्र) बाट चाबहिल, बत्तीसपुतली, कालोपुल, सिफल, एयरपोर्टलगायतका क्षेत्रमा वितरण गरिएको ।
- काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले मेलम्चीको पानी चार चरणमा वितरण गर्ने योजना बनाएको ।
- मेलम्चीबाट प्राप्त १७ करोड लिटर पानी र काठमाडौँ उपत्यकाको भूमिगत पानी आठ करोड लिटर गरी जम्मा दैनिक २५ करोड लिटर पानी केयुकेएलले वितरण गर्नेछ ।
- काठमाडौँ उपत्यकामा हाल दैनिक ४३ करोड लिटर पानीको माग छ ।
- दोस्रो परियोजनाअन्तर्गत याङ्ग्री र लार्केखोलाको पानी पनि सोही सुरुङबाट ल्याएपछि दैनिक ५१ कारोड लिटर पानी उपत्यकामा आउनेछ ।
- मेलम्चीको पानी वितरण सुरु भएपछि भूमिगत पानीको प्रयोग नगरिने केयुकेएलले जनाएको ।

१८. **इलियड र ओडिसी नामका दुई प्रसिद्ध महाकाव्यका सर्जक को हुनुहुन्छ ?**
होमर (ग्रीक सभ्यताका महान् कवि तथा इतिहासवेत्ता) ।

१९. **नेपालमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस कहिले मनाइन्छ ?**
जेठ २१ ।


२०. **'शान्ति र समृद्धिका लागि गहन एकता' कतिऔँ सार्क शिखर सम्मेलनको नारा हो ?**
१८औँ ।

२१. **सिस्टर रोबर्ट के हो ?**
कोभिड–१९ लगायत रोगबाट सङ्क्रमित (विशेषगरी आइसोलेसनमा रहेका) बिरामीको सहयोग एवम् स्वास्थ्यकर्मीलाई ती बिरामीबाट सुरक्षित राख्न सहयोग पुऱ्याउने रोबर्ट ।
- बागमती प्रदेशको सक्रियतामा नेपाल इन्जिनियर्स एसोसियसनद्वारा यसको निर्माण गरिएको ।
- यस रोबर्टको सहयोगबाट बिरामीलाई आवश्यक पर्ने औषधि, खाना, पानीलगायतका सामग्री रिमोट कन्ट्रोलको सहायताले बिरामीसम्म पुऱ्याउन सकिने ।

२२. **राष्ट्रिय आयोजना बैङ्कको शुभारम्भ कहिले भएको हो ?**
विसं २०७६ माघ २६ ।

२३. **विश्व क्षयरोग दिवस कहिले मनाइन्छ ?**
मार्च २४ ।
(सन् २०२१ मा यो दिवसको नारा 'सङ्केत समयको, क्षयरोग अन्त्यको' रहेको ।)

२४. **नेपाली काँग्रेसका नेता तथा पूर्वमन्त्री नवीन्द्रराज जोशीको निधन कहिले भएको हो ?**
विसं २०७७ चैत १३ ।



२५. **कुनै वस्तुमा भएको पदार्थको परिमाणलाई के भनिन्छ ?**
पिण्ड ।
(वस्तुको पिण्ड भौतिक तराजुले नापिन्छ । अन्तर्राष्ट्रिय नापतौल विभागमा राखिएको प्लाटिनम इरिडियम धातुबाट बनेको ढकको पिण्डलाई एक किलोग्राम मानिन्छ ।)

२६. **राष्ट्रिय मानवअधिकार आयोगलाई कहिलेदेखि संवैधानिक अङ्गका रूपमा व्यवस्था गरिएको हो ?**
विसं २०६३ माघ १ ।
(नेपालको अन्तरिम संविधान–२०६३ सँगै) ।

२७. **प्रसिद्ध ओल्को पर्व नेपालको कुन ठाउँमा प्रचलित छ ?**
सुदूरपश्चिम ।

२८. **नारायणहिटी दरबार सङ्ग्रहालयमा श्रीपेचको अवलोकन सर्वसाधारणका लागि कहिलेदेखि खुला गरिएको हो ?**
विसं २०७५ कात्तिक ४ ।
(विसं २०७५ असोज २९ गते प्रधानमन्त्री केपी शर्मा ओलीले अवलोकन गरेसँगै नयाँ व्यवस्थाअन्तर्गत कात्तिक ४ गतेबाट श्रीपेच सर्वसाधारणका लागि अवलोकन खुला गरिएको ।)

२९. **नेपालमा मात्र पाइने चरा कुन हो ?**
काँडे भ्याकुर ।
(सबै चराको नक्कल गर्न सक्ने चरा ।)

३०. **नेटुवा जातिको बसोबास कहाँ रहेको छ ?**
कपिलवस्तुको शुद्धोधन ।
- विसं २०६८ को राष्ट्रिय जनगणनाअनुसार कपिलवस्तुमा ३०० को हाराहारीमा नेटुवा जातिको बसोवास रहेको ।
- यो जातिका मानिसले आफूहरूलाई अल्पसङ्ख्यक जातिको सूचीमा राख्न सरकारसँग माग गर्दै आएका ।

**प्रस्तुतकर्ता : टंक के.सी.**

## विषयगत प्रश्नोत्तर

# आर्थिक कारोबार प्रणाली




१. **सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणालीबारे सङ्क्षेपमा समीक्षा गर्नुहोस् । यसलाई प्रभावकारी बनाउने के गर्नुपर्ला ? सुझाव दिनुहोस् ।**
सरकारी आय र व्ययको कार्यप्रगति विवरण तल्लो निकायबाट माथिल्लो निकायसमक्ष प्रस्तुत गर्ने पद्धति सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणाली हो । नेपालमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन–२०७६ र नियमावली–२०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन–२०७४, सार्वजनिक खरिद ऐन–२०६३ र नियमावली–२०६४ लगायतका कानुनले सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरेका छन् । जसअनुसार मासिक, त्रैमासिक, चौमासिक एवम् वार्षिक रूपमा कम्प्युटर प्रणालीमार्फत आर्थिक कारोबारको प्रतिवेदन तयार गरी तालुक निकायमा पेस गर्नुपर्ने, कार्यालयको सूचना पाटी एवम् वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । आर्थिक कारोबारको अभिलेख र प्रतिवेदनको मासिक, चौमासिक रूपमा आन्तरिक लेखा परीक्षण र आर्थिक वर्ष समाप्तपछि अन्तिम लेखा परीक्षण गराई सोको विवरणसमेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणाली निम्नअनुसारको छ :
- सङ्घ, प्रदेश र स्थानीय तहले आय र व्ययको लेखापरीक्षण गरी १५ दिनभित्र सोको विवरण सार्वजनिक गर्नुपर्ने,
- तीनै तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी सोको विवरण सार्वजनिक गर्नुपर्ने,
- आय र व्ययको चौमासिक विवरण र सोको प्रस्तुतीकरण : स्थानीय तहले यो विवरण अर्थ मन्त्रालय र प्रदेशमा पेस गर्नुपर्ने, प्रदेशले यो विवरण सङ्घीय अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने, प्रदेश र स्थानीय तहबाट यो विवरण पेस नभएमा नेपाल सरकारले अनुदान रोक्का गर्न सक्ने,
- एकीकृत वित्तीय विवरण र सोको प्रस्तुतीकरण : स्थानीय तहले आफ्नो आय व्ययको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) र कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा पेस गर्नुपर्ने, कोलेनिकाले आफूभित्रका सबै कार्यालय र सबै स्थानीय तहको आय व्ययको विवरण प्रलेनिका र महालेखा नियन्त्रक कार्यालय (मलेनिका)मा पेस गर्नुपर्ने, प्रलेनिकाले प्रदेश सरकार र प्रदेशभित्रका सबै स्थानीय तहको आय व्ययको विवरण महालेखा परीक्षक र मलेनिकामा पेस गर्नुपर्ने, मलेनिकाले सङ्घ, प्रदेश र स्थानीय तहको आय व्ययको विवरण महालेखा परीक्षक र अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने,

**देखिएका कमजोरी :**
- समय सीमाभित्र प्रतिवेदन तयार नगर्ने,
- बनाएको प्रतिवेदन सार्वजनिक नगर्ने, गोप्य राख्न रुचाउने,
- आर्थिक कारोबारको अभिलेख र प्रतिवेदनको समयमै आन्तरिक लेखा परीक्षण नगराउने,
- लेखा परीक्षणबाट देखिएका कैफियत तथा बेरुजु फछ्र्यौटमा ध्यान नदिने,
- आर्थिक अनुशासन कमजोर रहने,
- कम्प्युटर प्रणालीको प्रयोग कम गर्ने,
- अभिलेख र प्रतिवेदन प्रणालीलाई चुस्त, दुरुस्त नराख्ने,
- नियमित समीक्षा गरी निरन्तर सुधार नगर्नु, यसमा कम ध्यान दिनु,
- प्रतिवेदन कार्यलाई परम्परागत नियमित प्रक्रिया मान्ने, नयाँ–नयाँ परिवर्तन नखोज्ने,

**प्रभावकारी बनाउने उपाय :**
- कम्प्युटर प्रणाली अनिवार्य प्रयोग गरी सोहीमार्फत प्रतिवेदन गर्ने संस्थागत प्रणालीको विकास गर्ने,
- अभिलेख र प्रतिवेदन प्रणालीलाई चुस्त, दुरुस्त राख्ने,
- कार्यरत कर्मचारीलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गरी क्षमता विकास गर्ने,
- नियमित समीक्षा गरी सुधार गर्दै जाने, देखिएका कमजोरी दोहोरिन नदिने,
- लेखा परीक्षणबाट देखिएका बेरुजु समयमै फछ्र्यौट गर्ने,
- आर्थिक कारोबारको प्रतिवेदनलाई कार्यालयको सूचना पाटी र वेबसाइटमार्फत अनिवार्य रूपमा सार्वजनिक गर्ने,
- तालुक निकायले अनलाइन तथा अफलाइन अनुगमन गरी निरन्तर निर्देशन दिने,
- आर्थिक कारोबारमा दुरुपयोग गर्ने, प्रतिवेदन प्रणालीमा ढिलासुस्ती गर्नेलाई तुरुन्त कारबाही गर्ने,
- प्रचलित कानुनको पूर्ण पालना गरी गराई आर्थिक अनुशासनमा जोड दिने,
- सरकारी कार्यालयको आय व्ययको प्रगति प्रतिवेदनमाथि सरोकारवाला नागरिकको सहभागितामा समीक्षा गर्नुपर्ने व्यवस्था गर्ने,
- स्थानीय तहको आय र व्ययको प्रगतिमाथि स्थानीय नागरिकबाट सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षणको अनिवार्य व्यवस्था गर्ने,
- अन्त्यमा, सरकारी आर्थिक कारोबारको प्रतिवेदन प्रणाली सरकारी आय र व्ययको कार्यप्रगति विवरण भएकाले यो चुस्त, दुरुस्त, मितव्ययी एवम् पारदर्शी हुनुपर्छ । यसका लागि प्रचलित कानुनको पालना गर्दै आर्थिक कारोबारमा स्वच्छता, पूर्णता एवम् सदाचारितामा ध्यान दिनुपर्छ ।

२. **नेपालको संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध कुन सिद्धान्तमा आधारित हुने व्यवस्था छ ? वर्णन गर्नुहोस् ।**
नेपाल सङ्घीय राज्य प्रणालीमा आबद्ध भई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारद्वारा शासन व्यवस्था सञ्चालित हुँदै आएको छ । नेपालको संविधानले यी तीनवटै तहका सरकारले गर्नुपर्ने एकल अधिकार र साझा अधिकारको व्यवस्था प्रस्ट गरेको छ । तीन तहका सरकारले गर्नुपर्ने आफ्नो कार्यक्षेत्रमा सबै स्वतन्त्र एवम् स्वायत्त छन् । साझा अधिकारको विषयमा आपसी समन्वयमा कानुन तर्जुमा गरी कार्यसम्पादन गर्ने व्यवस्था छ । नेपालको संविधानको धारा २३२ (१)ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध देहायका सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ :

क. **सहकारिता :**
- तीन तहका सरकारबीच आपसी सहमतिमा कार्य गर्नु सहकारिता हो । यो सहकार्य हो । कानुन निर्माण, स्रोत–साधनको बाँडफाँडलगायतका विषयमा आपसी सहमतिमा कार्य गर्ने व्यवस्था छ ।

ख. **सहअस्तित्व :**
- तीन तहका सरकारमध्ये कुनै एक तहको सरकार अर्को तहको सरकारको मातहत नहुने, सबै सरकार स्वतन्त्र एवम् स्वायत्त हुने, एक तहको सरकारले अर्को तहको सरकारको अस्तित्व आत्मसात् गरी सम्बन्ध बढाउने कार्य सहअस्तित्व हो ।

ग. **समन्वय :**
- तीन तहका सरकारबीच कुनै विवाद तथा समस्या देखिएमा आपसी संवाद एवम् समझदारीमा समस्या समाधान गर्ने कार्य समन्वय हो ।

३. **नेपालका साँस्कृतिक सम्पदाको महत्त्वबारे चर्चा गर्नुहोस् ।**
देशको मौलिक पहिचान दिन सक्ने सम्पत्ति साँस्कृतिक सम्पदा हुन् । साँस्कृतिक सम्पदा मूलतः ऐतिहासिक, धार्मिक एवम् पुरातात्त्विक हुन्छन्, विशिष्ट हुन्छन् । यस्ता सम्पदाले देशलाई विश्वमा चिनाउन मद्दत गर्छन् । जस्तै : नेपालमा बुद्धको जन्मस्थल लुम्बिनी, चाँगुनारायण, पशुपतिनाथ, पाटन दरबार, भक्तपुर दरबार, स्वयम्भूनाथ आदि नेपालको गरिमा विश्वमा राख्न सहयोग गर्ने साँस्कृतिक सम्पदा हुन् । नेपालका साँस्कृतिक सम्पदाको महत्त्वलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- विश्व जगत्मा देशको छुट्टै पहिचानमा सहयोग,
- पर्यटन प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन,
- रोजगारी सिर्जनामा सहयोग,
- सामाजिक मूल्य–मान्यताको जगेर्ना,
- धार्मिक पहिचान र संरक्षण ।

४. **सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कम्प्युटर प्रणालीले कस्तो भूमिका खेल्छ ? लेख्नुहोस् ।**
कम्प्युटर प्रणाली एउटा प्रविधि हो, जसले सूचना तथा तथ्याङ्कको अभिलेख गर्ने, प्रशोधन गर्ने र गुणात्मक तथा सङ्ख्यात्मक नतिजा प्राप्त गर्ने कार्य गर्छ । सार्वजनिक सेवा प्रवाहका हरेक काम–कारबाहीलाई आधुनिक तवरले कार्य गरी सार्वजनिक सेवालाई गुणस्तरीय बनाउन कम्प्युटर प्रणालीको ठूलो भूमिका हुन्छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कम्प्युटर प्रणालीले निम्न भूमिका खेल्छ :
- सार्वजनिक सेवा प्रवाह गुणस्तरसहित छिटोछरितो रूपमा गर्ने, जस्तै : विगतको र हालको नागरिकता, जग्गाधनी लालपुर्जा आदि, विगतमा अहिलेजस्तो प्रविधि थिएन, हाल कम्प्युटर प्रणालीबाट सेवा छ, गुणस्तर छ, राम्रो छ र छिटो पनि छ ।
- सार्वजनिक सेवा प्रवाहको कार्यमा मितव्ययिता कायम गर्न,
- सेवाग्राहीप्रति सेवाप्रदायकलाई जिम्मेवार र जवाफदेही बनाउन,
- गरेका कार्यको आधुनिक तरिकाले अभिलेख राख्न,
- व्यवस्थापकीय कार्यमा सुधार ल्याउन,
- सरकारी सेवा प्रवाहमा निष्पक्षता कायम गर्न,
- सार्वजनिक सेवा प्रवाहको कार्यमा प्रतिबद्धता ल्याउन,
- आधुनिक प्रविधिको प्रयोगलाई थप विस्तार गर्न,
- गुणस्तरयुक्त सार्वजनिक सेवा प्रवाहमार्फत सरकार र नागरिकको सम्बन्ध थप सुदृढ गर्न,
- सेवाप्रदायको व्यवहार एवम् आचरणमा सुधार गर्न,
- ढिलासुस्तीको अन्त्य गर्न,
- भ्रष्टाचार तथा अनियमित कार्यको नियन्त्रण गर्न ।

५. **नेपालमा बोक्सी र दाइजोप्रथाबाट उत्पन्न सामाजिक विकृतिबारे लेख्नुहोस् ।**
नेपालका सामाजिक कुप्रथामध्ये बोक्सीप्रथा र दाइजोप्रथा पनि प्रचलित सामाजिक कुप्रथा हुन् । जुन दुवै महिला विभेदसँग सम्बन्धित छन् । यिनले नेपाली समाजमा विभिन्न विकृति ल्याएका छन्, जसलाई निम्नानुसार लेख्न सकिन्छ :
- बोक्सी प्रथाबाट उत्पन्न सामाजिक विकृति :
- बोक्सी भनेर महिलाको कपाल काटिदिने, दिसा–पिसाब खुवाउने, घरपरिवार एवम् गाउँ, समाजबाट निकाल्नेजस्ता अमानवीय क्रियाकलाप बढाएको,
- धामीझाँक्रीबाट बोक्सी ठीक पार्ने नाउँमा महिलालाई कुटपिट गर्ने, आगोमा फलाम तताई डाम्ने, शरीरको कुनै अङ्ग छेड्नेजस्ता कार्य गरेको,
- समाजमा महिला हत्या, हिंसा बढाएको ।
- दाइजो प्रथाबाट उत्पन्न सामाजिक विकृति
- धनी र गरिबको छोरीको बिहेमा अन्तर देखिएको,
- धेरै दाइजो नल्याएको भनेर दुलहीलाई पिट्ने, यातना दिने, मार्ने, आत्महत्या गर्न बाध्य पार्नेजस्ता घटना घटेको,
- छोरीको बिहेका लागि ठूलो आर्थिक व्ययभार ऋण बढाएको,
- समाजमा बिहे भड्किलो बनाएको ।

६. **नेपालको संविधानमा बालबालिकाको हकका सम्बन्धमा भएको व्यवस्था उल्लेख गर्नुहोस् ।**
नेपालको संविधानमा मौलिक हकका रूपमा धारा ३९ मा बालबालिकाको हकलाई व्यवस्था गरिएको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने,
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने,
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने,
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने,
- असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने,
- बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न तथा बन्धक राख्न नपाइने, बालबालिकालाई सेना, प्रहरी तथा सशस्त्र समूहमा भर्ना गर्न, प्रयोग गर्न, साँस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम तथा प्रकारले दुर्व्यवहार, उपेक्षा, शारीरिक, मानसिक, यौनजन्य तथा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, बालबालिकालाई घर, विद्यालय तथा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, यसविपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने ।

७. **नेपालको सरकारी निकायले अवलम्बन गरेको लेखा प्रणाली र यसका सबल तथा दुर्बल पक्षबारे लेख्नुहोस् ।**
नेपालको सरकारी निकायको आय र व्ययको व्यवस्थित अभिलेख र सोको यथार्थ प्रतिवेदन गर्न अवलम्बन गरिएको लेखा प्रणाली नयाँ स्रेस्ता प्रणाली हो । यो स्रेस्ता विसं २०१९ देखि लागू भई आर्थिक वर्ष २०२४/०२५ सम्म नेपालभर क्रमिक रूपमा लागू गरिएको थियो । केन्द्रीयस्तर र कार्यसञ्चालन स्तर गरी दुवै स्तरमा लागू गरिएको यो लेखा प्रणालीमा नगदमा लेखा राखिन्छ, यसमा बाँकी लेनदेनको हिसाब हुँदैन । यो लेखा दोहोरो लेखा प्रणालीमा आधारित छ । विनियोजन, राजस्व, धरौटी, जिन्सी र आयोजनाको अलग–अलग लेखा राखिँदै आएको यस लेखा प्रणालीका सबल र दुर्बल पक्ष निम्न छन् ।

**सबल पक्ष**
- दोहोरो लेखामा आधारित भएकाले त्रुटि एवम् छलकपट नहुने, भएमा सजिलै पत्ता लगाउन सकिने,
- नगदमा लेखा राखिने हुँदा सरल,
- लेखा राख्न निश्चित फाराम तोकिएको,
- बजेट नियन्त्रणको व्यवस्था,
- आन्तरिक नियन्त्रणको व्यवस्था,
- सबै कार्यालयमा एकरूपता,
- लेखा परीक्षणको अनिवार्य व्यवस्था,

**दुर्बल पक्ष**
नगदको मात्र लेखा राख्दा सरकारी कारोबारको यथार्थ अवस्था नदेखिनु,
बढ्दो बेरुजु नियन्त्रण हुन नसक्नु,
लेखा नतिजामूलक हुनुपर्नेमा प्रक्रियामूलक भएको,
खर्च नियन्त्रण प्रभावकारी रूपमा गर्न नसकिएको,
पारदर्शिताको पक्ष कमजोर रहेको ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL